आज मिति २०८१ कार्तिक २८ गते बुधवारका दिन नीलकण्ठ नगर-कार्यपालिकाको बैठक कार्यवहाक नगर प्रमुख श्री दिपक विश्वकर्माज्यूको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा बसी निम्न प्रस्तावहरुमा छलफल तथा निर्णय गरियो।

**उपस्थिति**

१. कार्यवहाक नगर-प्रमुख श्री दिपक विश्वकर्मा

२. प्रमुख प्रशासकीय अधिकृत श्री पुरुषोत्तम सुवेदी (सचिव)

३. वडा अध्यक्ष श्री गणेश बहादुर गुरुङ

४. वडा अध्यक्ष श्री ध्वज बहादुर गुरुङ

५. वडा अध्यक्ष श्री राजकुमार श्रेष्ठ

६. वडा अध्यक्ष श्री हरि बहादुर श्रेष्ठ

७. वडा अध्यक्ष श्री राम बहादुर श्रेष्ठ

८. वडा अध्यक्ष श्री भुपेन्द्र कुमार श्रेष्ठ

९. वडा अध्यक्ष श्री गौतमहरि अधिकारी

१०. वडा अध्यक्ष श्री प्रकाशकुमार श्रेष्ठ

११. वडा अध्यक्ष श्री राजन बराइली

१२. वडा अध्यक्ष श्री सरोज पाण्डे

१३. वडा अध्यक्ष श्री राम बहादुर श्रेष्ठ

१४. वडा अध्यक्ष श्री धर्मराज भण्डारी

१५. वडा अध्यक्ष श्री सोम बहादुर गुरुङ

१६. वडा अध्यक्ष श्री नमराज दुवाडी

१७. कार्यपालिका सदस्य श्री चिनामाया श्रेष्ठ

१८. कार्यपालिका सदस्य श्री राम्री नेपाली

१९. कार्यपालिका सदस्य श्री छनुमाया गुरुङ

२०. कार्यपालिका सदस्य श्री शान्ता थापा

२१. कार्यपालिका सदस्य श्री विशाल रोका

२२. कार्यपालिका सदस्य श्री लक्ष्मण रम्तेल

२३. कार्यपालिका सदस्य श्री मञ्जु थापामगर

२४. व.डा. अध्यक्ष श्री राजन अधिकारी

२५. व.डा. अध्यक्ष श्री सुनिल थापामगर

<u>अन्य आमन्त्रित उपस्थिति</u>

सरोज तिवारी

आशिका [illegible]

मिति: २०८१।०७।२८ गते

**<u>बैठकमा छलफलका विषयहरु:</u>**

१. गृहिणी महिला शसक्तिकरण कार्यक्रमका लागि वागमती प्रवेश सरकारमा प्रस्ताव/आवेदन पेश गर्ने सम्बन्धमा।

२. नगर सभा संचालन सम्बन्धमा।

<u>नगर सभामामा पेश हुने एजेण्डाहरु</u>

क. नगर प्रहरी विधेयक,२०८१

ख. नगर कृषि विधेयक,२०८१

ग. नगर प्रहरीको दरवन्दी तेरिज स्वीकृती

घ. बजेट कार्यक्रमहरु संशोधन

ङ. आ.व. २०८०/०८१ को लेखापरिक्षण प्रतिवेदनको प्रारम्भिक मस्यौदा उपर सम्परिक्षणका लागि सिफारिस।

३. नगर बाल संजाल गठन सम्बन्धी कार्यविधि स्वीकृत गर्ने सम्बन्धमा।

४. कला एग्रोभेटको जग्गा खरिदका लागि राजश्व छुटको सिफारिस सम्बन्धमा।

५. सहकारी संस्थाको विवरण छलफल

६. सहकारी संस्था सम्बन्धमा प्रतिनिधि सभा/विपेश समितिबाट प्राप्त सुझाव र सिफारिस सम्बन्धमा।

७. अन्य विविध विषयहरुका सम्बन्धमा।

नीलकण्ठ नगरपालिका

# नगर कार्यपालिकाको बैठक

मितिः २०८१।०७।२८ गते

## निर्णयहरुः

१. गृहिणी महिला शसक्तिकरण कार्यक्रमका लागि बागमती प्रदेश सरकारमा प्रस्ताव/आवेदन पेश गर्ने सम्बन्धमा:,

सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश हेटौडा र नगरपालिकाको साझेदारीमा सञ्चालन हुने गरी गृहिणी महिला शसक्तिकरण कार्यक्रम कार्यान्वयनका लागि प्रस्ताव माग भए बमोजिम उक्त कार्यक्रम यस नगरपालिकामा सञ्चालन गर्ने गरी आवश्यक प्रस्ताव तयार गरी सामाजिक विकास मन्त्रालय बागमती प्रदेश समक्ष प्रस्ताव पेश गर्ने निर्णय गरियो। साथै उक्त प्रस्ताव अनुसारको नगरपालिकाद्वारा व्यहोर्ने साझेदारी रकम नगरपालिकाद्वारा व्यहोरिने प्रतिवद्धता समेत गर्ने निर्णय गरियो।

२. नगर सभाको मिति तय गर्ने सम्बन्धमा:,

नीलकण्ठ नगरपालिकाको दोस्रो नगर सभाको पाँचौ अधिवेशनबाट चालु आर्थिक वर्षको लागि स्वीकृत नीति,कार्यक्रम तथा बजेटका सम्बन्धमा एवम् आर्थिक ऐन तथा विनियोजन ऐन,२०८१ का सम्बन्धमा कार्य प्रगति सहित आवश्यक संशोधान, छलफल तथा निर्णयका लागि यस नगरपालिकाको छैठौं नगरसभा बैठक (दोस्रो नगर सभाको छैठौं अधिवेशन) मिति २०८१ मंसिर १२ गते बुधबारका दिनदेखी प्रारम्भ गर्ने निर्णय गरियो। उक्त अधिवेशनको तयारीका लागि सबै वडाहरुमा सूचना गर्ने र अधिवेशनमा पेश हुने देहायका ऐजेण्डाहरुमा छलफल गरी स्वीकृतिका लागि नगर सभासमक्ष पेश गर्ने निर्णय गरियो। नगरसभा उपस्थित पदाधिकारी एवम् कर्मचारीहरुलाई नियमानुसारको दैनिक बैठक भत्ता र आतेजाते स्वरुप रु १०००/-(अक्षेरुपी एक हजार) यातायात सुविधा उपलब्ध गराउने निर्णय गरियो। साथै नगरसभा सञ्चालनार्थ थप छलफलका लागि मिति २०८१ मंसिर १० गते नगर कार्यपालिकाको बैठक बस्ने निर्णय गरियो।

तपसिल

नगर सभामामा पेश हुने एजेण्डाहरु

क.नगर प्रहरी विधेयक,२०८१

ख.नगर कृषि विधेयक,२०८१

ग. नगर प्रहरीको दरबन्दी तेरिज स्वीकृती

घ. बजेट कार्यक्रमहरु संशोधन

ङ. आ.व. २०८०/०८१ को लेखापरिक्षण प्रतिवेदनको प्रारम्भिक मस्यौदा उपर सम्परिक्षणका लागि सिफारिस

च. अन्य विविध विषयहरु

३. नगरपालिकाको कार्यसञ्चालनका लागि आवश्यक कानुन कार्यविधिहरु स्वीकृत गर्ने सम्बन्धमा:

नगरपालिकाको दैनिक प्रशासनीक कार्यसञ्चालनका लागि आवश्यक भई तयार भएका तपसिल बमोजिमका कानून कार्यविधिहरु स्वीकृत गर्ने निर्णय गरियो।

क. नगर बाल संजाल गठन सम्बन्धी कार्यविधि, २०८१

ख. नीलकण्ठ नगरपालिका कृषि विकास शाखा तर्फका कार्यक्रम सञ्चालन कार्यविधि, २०८१

४. कला एग्रो बेस ईन्डस्ट्रिज प्रा.लि. को जग्गा खरिदका लागि राजश्व छुटको सिफारिस सम्बन्धमा:

प्रदेश आर्थिक ऐन,२०८१ को दफा २ सँग सम्बन्धित अनुसुची-१ को (घ) ५ मा स्वदेशी लगानीका सूर्ती, गुड्खा, र मदिराजन्य उद्योग बाहेकका उत्पादनमूलक उद्योगले उद्योग स्थापना तथा सञ्चालन गर्ने उद्योगको नाममा खरिद गर्ने जग्गाको लिखित पारित गर्दा लाग्ने रजिष्ट्रेशन शुल्कमा पचास प्रतिशत छुट पाउने व्यवस्था भएको हुदाँ कला एग्रो बेस ईन्डस्ट्रिज प्रा.लि.ले प्रदेश ऐनले तोकेको (सूर्ती, गुड्खा, र मदिराजन्य उद्योग बाहेकको) उद्योग स्थापनाका लागि जग्गा खरिद प्रक्रियामा रहेको हुदाँ उक्त जग्गा खरिद गर्दा लाग्ने वा जग्गाको लिखित पारित गर्दा लाग्ने रजिष्ट्रेशन शुल्कमा प्रदेश आर्थिक ऐन बमोजिमको छुटको व्यवस्था मिलाइदिन सम्बन्धित पक्षलाई सिफारिस गर्ने निर्णय गरियो।

५. सहकारी संस्थाको विवरण छलफल:

नगरपालिका भित्र कार्यक्षेत्र राखि दर्ता भएका सहकारी संस्थाहरु मध्ये केही सहकारीहरुले हालसम्म पनि आफ्नो विवरणहरु नगरपालिकाको कार्यालयमा पेश नगरेको वा copomis मा आवद्ध भएको नदेखिएकोले सम्बन्धित वडा कार्यालय मार्फत त्यस्ता सहकारीहरुलाई अद्यावधिकका लागि पत्राचार एवम् समन्वय गर्ने निर्णय गरियो।

६. सहकारी संस्था सम्वन्धमा प्रतिनिधि सभा/विशेष समितिबाट प्राप्त सुझाव र सिफारिस सम्वन्धमा:

सहकारी संस्था सम्बन्धमा गठन भएको प्रतिनिधि सभा/ विशेष समितिबाट प्राप्त सुझावहरु उपर छलफल गरियो र यस नगरपालिका सँग सम्वन्ध सुझावहरु क्रमश कार्यान्वयन र पालना गर्ने निर्णय गरियो।

७. अन्य विविध विषयहरुका सम्बन्धमा:

क. विद्यालयहरु तर्फ सञ्चालन हुने त्रैमासिक परिक्षाहरुका लागि (दोस्रो देखी चौथो सम्म) आवश्यक पर्ने उत्तरपुस्तिका छपाइ तथा खरिदका लागि आह्वान गरिएको सिलबन्दी दरभाउपत्रमा प्राप्त भएका तीन (३) वटै सिलवन्दी दरभाउपत्रहरु कानूनी रुपमा प्रभावग्राही नभएको र खरिद नियमावली अनुसार पुनः सिलवन्दी दरभाउपत्र आह्वान गर्न मंसिर १४ गते देखी परिक्षा मिति कायम भई परिक्षा कार्यक्रम समेत प्रकाशन भएको कारण समयाभाव हुन जाने भएकोले उक्त खरिद प्रक्रिया रद्द गरी न्यूनतम लागत मूल्याङ्कनमा छिटो माध्यमबाट सार्वजनिक खरिद ऐन बमोजिम खरिद प्रक्रिया अगाडि बढाउन स्वीकृति दिने निर्णय गरियो।

ख. यस नगरपालिकामा कानून अधिकृत वा कर्मचारीको अभावका साथै कानूनी सहजकर्ता समेत नभएको कारण न्यायिक समितिका कार्य सम्पादनमा विभिन्न समस्या एवम् कठिनाइहरु आएको हुदाँ चालु आ.व. मा न्यायिक समिति तर्फ स्वीकृत बजेटबाट खर्च हुने गरी नगर क्षेत्रभित्रका मेलमिलाप केन्द्रमा कार्यरत रहेका तालिम प्राप्त व्यक्तिहरु मध्येबाट १ जना मेलमिलापकर्तालाई सरकारले तोकेको न्यूनतम पारिश्रमिक उपलब्ध गराउने गरी मेलमिलाप सहजकर्ताको रुपमा न्यायिक समिति (इजलास समेत हेर्ने गरी) मा कामकाजमा लगाउने निर्णय गरियो।